नियम/दर्ता नं. २७

# वसाइसरी जानेलाई वाई वाई आउनेलाई दुहुना एक गाई कार्यक्रम संचालन निर्देशिका, २०७६

कार्यपालिका वाट प्रमाणिकरण भएको मिति : २०७६।०५।०४

**छथरजोरपाटी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पशुपन्छि शाखा**

जोरपाटी धनकुटा, १ नं. प्रदेश, नेपाल

# वसाईसरी जानेलाई वाई वाई आउनेलाई एक दुहुना गाई कार्यक्रम संचालन निर्देशिका, २०७६

पृष्ठभुमी :

भूपरिवेष्ठित राष्ट्र नेपालमा वसाई सराईको विकराल समस्यले वर्षेनी उत्पादनशिल भूमी खाली भई वाझो जमिनको रुपमा परिणत हुदै खेरा गई रहेको छ । नेपालमा कुल जनसंख्याको झण्डै ८५.५ प्रतिशत जनता ग्रामिण क्षेत्रमा वसोवास गरिआएका छन । जहा न्यून उत्पादन असमान भूमिको वितरण, परम्परागत खेती प्रणाली, लगानीको अभाव, मानविय श्रोत साधनमा कमि, महगो सेवा प्रणाली, पुरतनवादी सामाजिक संरचना, न्यून आर्थिक वृद्धि, मौसमी उत्तरचडाब, सरकारी विकाश खर्चमा कमी, गुणस्तरीय शिक्षाको अभाव, दयनीय सडक तथा यातयातको अभाव,शान्ति सुरक्षाको कमी, स्वास्थ्य, रोजगारीको अभाव जस्ता मानविय आवस्यकताको कमिले वसाई सराई वर्षेनी वृद्धि भईरहेको छ । यसको अलवा राजनितिक, धार्मिक, प्राकृतिक विप्पतीका कारण पनी वसाईसराई हुने गरेको छ । नेपालमा हाल १५ वर्ष उमेर माथीका ९लाख ८हजार यूवा जनशक्ति वेरोजगार रहेका छन । यस मध्य ६ लाख ४० हजार सहरी क्षेत्रमा र २ लाख ६८ हजार ग्रामिण क्षेत्रमा रहेका छन । सन् २००८ देखि २०१३ सम्म (जनगणना २०६८) धनकुटा जिल्ला वाट मात्र १९१०५ जना मानिसहरु वसाई सराई गरि अन्यन्त्र गएको पाईन्छ । यसले शहरी क्षेत्रमा मानिसहरुको घनत्वा अधिक हुन गई जनसंख्यको चाप वडेर सेवा सुविधाका वस्तुहरुको अभाव हुने, वेरोजगारीको संख्या वृद्धि उच्च हुने र ग्रामिण क्षेत्रहरुमा युवा जनशक्तिको अभाव तथा उत्पादनशिल भूमी खाली भईवाझो जमिनमा परिवर्तन हुदै जाने परिस्थीतीले नेपालमा गरिवी, वेरोजगरीलाई न्यूनिकरण गर्न ठूलो चुनौती रहेको छ । यसर्थ ग्रामिण क्षेत्रमा स्थाई रुपमा वसाई सराई गरी आउने जनसमुदायलाई व्यवस्थीत एवं व्यवसायीकरुपमा जिविका निर्वाह गर्न सहयोग पुचाउने मुख्य उद्देश्यका साथ यस कार्यक्रमको परिकल्पना गरिएको छ । वसाई सराई गरी आएका नयाँ घर परिवारको न्यूनतम मानविय आवस्यकता गाँस, वास र कपास को परिपुर्ति गर्न दुहुना गाई विउ पुजिका रुपमा खरिद गरी दिनाले दुध उत्पानमा वृद्धि, वसाई सराई गरी तराई मधेश लगायत अन्य क्षेत्रमा जाने क्रमलाई कमि ल्याउने, उत्पादनशिल भूमि वाँझो जमिनमा परिनत हुने परिस्थीतिको अन्त्य गर्ने तथा निजको मानविय आवस्यकता परिपुर्ति गर्न सहज हुने अपेक्षा राखी साथै कार्यक्रमलाई ब्यावस्थित, सरल, प्रभाबकारी र पारदर्शी रुपमा संचालन सम्पादन गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को उपदफा ३ को अधिकार प्रयोग गरी छथरजोरपाटी गाउँपालिका स्तरीय ***"वसाईसरी जानेलाई वाई वाई आउनेलाई एक दुहुना गाई कार्यक्रम संचालन निर्देशिका, २०७६"*** जारी गरीएको छ ।

## परिच्छेद-१
प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम ***"वसाईसरी जानेलाई वाई वाई आउनेलाई एक दुहुना गाई कार्यक्रम संचालन निर्देशिका, २०७६"*** रहेको छ ।

ख) यो कार्यविधि छथरजोरपाटी गाउपालिका बाट स्वीकृत भएको मिति बाट प्रारम्भ हुने छ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१. "स्थानिय तह" भन्नाले छथर जोरपाटी गाउँपालिका सम्झनु पर्ने छ ।

२.२. "पशुपंन्छि शाखा" भन्नाले छथर जोरपाटी गाउपालिका अर्न्तगत पशुपंन्छि शाखा सम्झनु पर्ने छ ।

२.३. "समिति" भन्नाले स्थानिय तह द्धारा गठीत आर्थिक विकाश समितिलाई सम्झनु पर्ने छ ।

२.४. "कार्यबिधि" भन्नाले ***"वसाईसरी जानेलाई वाई वाई आउनेलाई एक दुहुना गाई कार्यक्रम संचालन निर्देशिका, २०७६"*** सम्झनु पर्ने छ ।

२.५. "वसाइ सराई" भन्नाले जिल्ला भित्रका अन्य क्षेत्र स्थानिय तह वा अन्तर जिल्ला वाट छथरजोरपाटी गाउँपालिका अनतर्गतका विभिन्न ग्रामिण क्षेत्रहरुमा (सिधुवा वजार र जोरपाटी वजार वाहेक) कृषि व्यवसाय संचालन गर्ने उद्देश्य राखि स्थाई रुपमा वसाई सराई गरी आएका घर परिवार लाई सम्झनु पर्दछ ।

२.६. "सम्झौता" भन्नाले कार्यक्रम संचालनका लागी आवेदन छनौटमा परेका अनुदान ग्राही वसाई सरी आउने घर परिवार संग कार्यक्रम संचालकका लागि शाखाले गर्ने सम्झौता पत्र लाई सम्झनु पर्नेछ ।

२.७. "सेवाग्राही सदस्य" वसाई सराई आई छथरजोरपाटीमा वसाई सराई दर्ता प्रमाण पत्र पाएका सदस्यहरुलाई सम्झनु पर्नेछ ।

**३. उदेश्यहरु :**

३.१. वसाई सरी आउने घर परिवारलाई प्रोत्सान, उत्प्रेरण तथा कृषि उत्पादनमा जोडने ।

३.२. खाद्यपोषण सुरक्षाको लागी दुध उत्पादन, आय आर्जन तथा आर्थिक सुधार गर्ने ।

३.३. वसाई सराई लाई न्यून गरी ग्रामिण क्षेत्रमा कृषि उत्पादन वृद्धिगर्ने ।

३.४. कार्यक्रमलाई ब्यावस्थित, सरल, प्रभावकारी र पारदर्शी रुपमा संचालन कार्यन्वयन गर्ने ।

**परिच्छेद-२**

वसाईसरी जानेलाई वाई वाई आउनेलाई एक दुहुना गाई कार्यक्रम संचालन सम्वन्धि व्यवस्था

**४. कार्यक्रममा सहभागी हुने सेवाग्राहीहरु :** छथरजोरपाटी गाउपालिका वाहिरका स्थानिय तह वा जिल्लाहरु वाट स्थाईरुपमा वसाई सरी आउने नयाँ घर परिवारहरु ।

**५. रकमको उपयोग तथा संचालन गर्न सक्ने क्षेत्रहरु :** ५.१.एक दुहुना गाई खरिद तथा व्यवस्थापन ।

**६. कार्यक्रम संचालन प्रकृया, कार्यान्वयन सम्वन्धि जिम्मेवारी र दायित्व :**

६.१. वसाई सरी आएका घरपरिवारले सम्वन्धित वडा कार्यालयमा वसाई सराई दर्ता गरि सो वसाई सराई दर्ता प्रमाण पत्र पाएको ३० दिन भित्र अनुसुचि-१ वमोजिमको निवेदन, जग्गा धनिपूर्जाको प्रतिलिपि वसाई सराई दर्ता प्रमाण पत्रको प्रतिलिपि लगायत अन्य आवश्यक कागजात सहित शाखामा निवेदन दिनु पर्नेछ ।

६.२. अनुसुचि १ वमोजीमको विवरणको आधारमा स्थलगत प्रमाणीकरण, फिल्ड अनुगमन निरीक्षण प्रतिवेदन तयारी गरी आर्थिक विकाश समितिमा अनुमोदनका लागी विषयगत शाखाको पेश गर्ने जिम्मेवारी र दायित्व हुनेछ ।

६.३. आर्थिक विकाश समितिले अनुमोदन गरे पस्चात विषयगत शाखाले सेवाग्राही संग अनुसुचि-२ वमोजीमको सम्झौता गर्नेछ ।

६.४. सम्झौता मुताविकको कार्यहरु निर्धारीत समय सिमा भित्र गुणस्तरीय रुपमा सम्पादन गर्ने दायित्व सम्वन्धित सेवाग्राही सदस्यको हुनेछ ।

६.५. कार्यक्रम संचालनका वखत विषय विशेषज्ञको आवस्यक परेमा सम्वन्धित शाखा संग समन्वय गरी अन्य निकायहरु वाट साझेदारले ल्याउन सक्नेछ । साथै सम्झौता पस्चात प्रगती प्रतिवेदन सम्वन्धित शाखामा वुझाउनु पर्नेछ ।

**७. कार्यक्रम संचालनका शर्त तथा वन्देजहरु :**

७.१. सम्झौतामा उल्लेख भए अनुसार मापदण्डको उत्पादन दिने दुहुना गाई खरिद गर्नु पर्नेछ ।

७.२. खरिद गरेको गाईको हेरचाहा, स्याहार सुसार, विमा तथा उपचार सेवाग्राही सदस्यले अनिवार्य गर्नु पर्नेछ ।

७.३. कार्यक्रम मार्फत खरिद गरिएको दुहुना गाई कम्तीमा २ वर्ष सम्म विक्रि वितरण, अधिया वा साझेदारीमा कसैलाई दिन पाईने छैन ।

७.४. नयाँ घर परिवार सेवाग्राही सदस्यले प्रति गाई खरिदमा अधिकतम रु ६१,००००। (अक्षरुपी एकसाठी हजार मात्र) अनुदान स्वारुप उपलव्ध गराईने छ ।

७.५. साझेदार सेवाग्राही सदस्यले First and First, Last and Last सिद्धान्त अनुसार अगाडी दर्ता हुन आएका आवेदकलाई शाखाको स्वीकृत वजेट परिधि भित्र रहि अनुदान रकम उपलव्ध गराईने छ । वजेट अभाव/अपुग भए आगमी आ.व.को कार्यक्रममा समावेश गरिने छ ।

७.६. सम्वन्धित अनुगमन समितिको अनुगमन सम्पन्न भए पछि आवस्यक विल भपाईको चेक जाँच तथा अनिवार्य विमा गरी राजश्व, कन्टिनजेन्सी नियमनुसारको अन्य करहरु कट्टा गरी वाकी अनुदान रकम साझेदार सेवाग्राही सदस्यको वैक खातामा भुक्तानी गरिने छ ।

७.७. यस कार्यक्रममा सहभागी भए पस्चाल कम्तिमा २ वर्ष सम्म वसाई सराई गरी अन्य स्थानिय तह वा जिल्लामा लैजान पाईने छैन ।

**परिच्छेद-३**

वसाईसरी जानेलाई वाई वाई आउनेलाई एक दुहुना गाई कार्यक्रम सम्वन्धि अन्य व्यवस्था

**८. आर्थिक प्रशासन सेवा :**

कार्यक्रमको लेखा, लेखाकंन, लेखापरिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यबिधि ऐन, २०५५ आर्थिक कार्यबिधि नियमावली २०६४ , सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमावली,२०६४ बमोजिम गरिने छ ।

**९. अनुगमन, मुल्यांकन तथा प्रतिबेदन सम्बन्धि व्यावस्था :**

यस कार्यक्रमको अनुगमन पालिका स्तरिय अनुगमन समिति, केन्द्र सरकार, विषयगत मन्त्रालय, प्रदेश सरकार, पशुसेव विभाग, गाँउपालिका पशुर्पन्छि शाखाले गर्नेछ र सो को मासिक, चौमासिक, वार्षिक प्रगती, प्रतिबेदन सम्बन्धित निकायहरुमा पठाउनु पर्नेछ ।

**९. कार्वाहिको व्यवस्था :**

सेवाग्राही सदस्यले सम्झौता अनुसारको कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दूरुपयोग गरेको पाइएमा प्रचलित नेपाल ऐन नियम तथा कानुन वमोजिम कारवाही गरी सरकारी रकम वाँकी सरह असुल उपर गरिनेछ ।

**१०. प्रचलित कानुन लागु हुने :**

वसाईसरी जानेलाई वाई वाई आउनेलाई एक दुहुना गाई कार्यक्रम कार्यान्वयनको सम्वन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही वमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि वमोजिम कार्यान्वयन हुनेछ ।

**११. खारेजी तथा वचाउ :**

क) छथरजोरपाटी गाउँपालिका पशुर्पन्छि शाखा द्धारा वसाईसरी जानेलाई वाई वाई आउनेलाई एक दुहुना गाई कार्यक्रम संचालनका लागी ***"वसाईसरी जानेलाई वाई वाई आउनेलाई एक दुहुना गाई कार्यक्रम संचालन निर्देशिका, २०७६"*** जारी गरीएको छ ।

ख) विगत आ.व.वाट वसाईसरी जानेलाई वाई वाई आउनेलाई एक दुहुना गाई कार्यक्रम संचालन भई आएका सवै कार्यक्रमहरु यसै वमोजिम भए गरेको मानिने छ ।

**१२. कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्ने :**

१२.१. यो कार्यबिधिको कार्यान्वयनलाई थप ब्यावस्थित र प्रभाकारी बनाउन गाँउपालिकाले आबश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन तथा खारेज गर्न सक्ने छ ।

१२.२. यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागी गाउँपालिकाले आवश्यकता अनुसार ब्याख्या गर्न सक्ने छ ।

**अनुसुचि-१**

प्रस्ताव निवेदनको ढाँचा ।

श्रीप्रमुख प्रशासकिय अधिकृत ज्यू
छथरजोरपाटी गाउँपालिकाको कार्यालय ।

मार्फत, शाखा प्रमुख ज्यू,
पशुपंन्छि शाखा
छथरजोरपाटी गाउँपालिकाको कार्यालय, धनकुटा ।

विषय : वसाईसरी जानेलाई वाई वाई आउनेलाई एक दुहुना गाई अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

उपरोक्त सम्वन्धमा यस गाउँपालिकामा वसाईसरी आउनेलाई एक दुहुना गाई अनुदान वितरण गर्ने नीति वमोजिम जिल्ला ..............................., .......................... न.पा./गा.पा. वाट मिति ...................... देखि जिल्ला धनकुटा छथरजोरपाटी गाउँपालिका ...... नं. वडा अन्तरगत .................... टोलमा स्थाई रुपले वसोवास गर्ने गरी आएको हुदा उल्लेखित कार्यक्रम मार्फत दुहुन गाई अनुदानमा उपलव्ध गराई पाउँ भनि निवेदन पेश गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्दिष्ठ निर्देशिका अनुसार सम्वन्धित गाउपालिका भित्रै रही कार्य गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ सम्लग्न राखी यो निवेदन पेश गर्दछु ।

**तपशिल :**

१. अनूसूची १ अनुसारको निवेदन ।
२. वसाई सराई दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. जग्गाधनि प्रमाणपुर्जाको प्रतिलिपि ।
४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
५. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

**भवदिय**

दस्तखत :
नाम :
ठेगाना : छथरजोरपाटी गाउँपालिका वडा नं......
टोल :
मिति :

**अनुसुचि-२**

द्विपक्षीय सम्झौता पत्रको नमुना

छथर जोरपाटी गाउँपालिकाको कार्यालय धनकुटा मार्फत संचालन गरिने चालु आ.व २०७ /७ को स्वीकृत वसाईसरी जानेलाई वाई वाई आउनेलाई एक दुहुना गाई कार्यक्रम संचालन गर्न पशुपंन्छि शाखा (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) र वसाई सरी आएका सेवाग्राही सदस्य श्री/सुश्री/श्रीमती ................ ............... ................. ..............
(यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) वीच तपशीलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमती भएको छ ।

**तपशिल**

१. दोश्रो पक्ष (सेवाग्राही सदस्य) ले स्थानीय संग होलिस्टेन वा जर्सि जातको वर्णशंकर (५१% शुद्धता भएको), कम्तिमा पहिलो वा दोश्रो वेतको व्याएको गाई खरिद गर्नु पर्नेछ ।
२. दोश्रो पक्षले खरिद गरेको गाईको प्राविधिक जाँच गराई स्वास्थ्य प्रमाण पत्र जारी गरी अनिवार्य विमा गराउनु पर्नेछ ।
३. दोश्रो पक्षले कार्य सम्पन्न गरि पहिलो पक्ष लाई अनुगमन निरिक्षण गराई सके पस्चात एकै किस्तामा दोश्रो पक्षको वैक खातामा अनुदान रकम जम्मा गरी दिईनेछ ।
४. दोश्रो पक्ष अनुदान लिए पस्चात कम्तिमा २ वर्ष सम्म वासाई सरी अन्यत्र लैजान पाईने छैन ।
५. खरिद गरेको गाईको हेरचाहा, स्याहार सुसार, विमा तथा उपचार दोश्रो पक्ष (सेवाग्राही सदस्य) ले अनिवार्य गर्नु पर्नेछ गाई पालन गर्दा सामाजिक, वातावरणीयमैत्री, भौगोलीक अवस्था नविग्रने गरी जैविक सुरक्षाका विधिहरुलाई उपयोग गर्ने गरी पालन गर्नु पर्ने छ ।
६. यस सम्झैातामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य कावु भन्दा वाहिरको परिस्थीति श्रीजना भएमा वा आकस्मिक विपति सृजना भएमा पहिलो पक्ष जिम्मेवार हुने छैन ।
७. अनुदान प्राप्त गरी खरिद गरिएको गाई कम्तिमा २ वर्ष सम्मा विक्रि वितरण, अधिया वा साझेदारीमा कसैलाई दिन पाईने छैन ।
८. निर्देशिकामा उल्लेख भए अनुसारका प्रगति विवरण दोश्रो पक्षले पहिलो पक्षलाई अनिवार्य नियमित बुझाउनु पर्नेछ ।
९. यस सम्झैतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नेपाल कानुन वमोजीम हुनेछ ।

| **पहिलो पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| गाउँपालिका/पशुपंन्छि शाखाको तर्फ वाट सहि गर्ने | सेवाग्राही सदस्यको तर्फ वाट सहि गर्ने |
| नाम : | नाम : |
| पद: | दस्तखत : |
| दस्तखत : | ठेगाना टोल : |
| मिति : | मिति : |
| फोन नं. | सम्पर्क मो.नं.: |
| कार्यालयको छाप : | औठाको छाप : |

| दाँया | वाँया |
|---|---|
| | |

आज्ञाले
प्रमाणिकरण गर्ने

....................
श्री केशव प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत
छथर जोरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटा १ नं. प्रदेश, नेपाल
मिति :२०७६।०५।०४